# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२।०२।१२

पंचेश्वर गाउँपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना बैतडी अन्तरगत पंचेश्वर गाउँपालिकामा सञ्चालित तपसीलका खानेपानी तथा सरसफाइ र सिंचाइ योजनाहरुको लागि परियोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु, फिटिङ्गस् तथा औजारहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

शर्तहरु :

| सि.न. | योजनाको नाम | सिलबन्दी दरभाउको अनुमानीत रकम ( ढुवानी सहीत) | सिलबनदी दरभाउपत्र खरिद दस्तुर | ढुवानी गर्न पर्ने स्थान |
|---|---|---|---|---|
| १ | रोलखोला तिचौरा सोलार लिफ्ट खानेपानी तथा सरसफाई योजना | ९१,३६,६६४।०१<br>अक्षररुपी :– एकानब्बे लाख छत्तिस हजार छ सय चौसठ्ठी रुपैया एक पैसा मात्र | ३००० | तिचौरा,पालडी,सैलोडा पचेश्वर ३ बैतडी |
| २ | पातललेक पालडीधुरा सोलार लिफ्ट खानेपानी तथा सरसफाई योजना | | | |
| ३ | भनेगडा सिंचाइ योजना | | | |

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइपहरु, फिटीङ्गस् तथा औजारहरु सप्लाई सम्वन्धी दरभाउपत्र प्रति फाराम रु. ३०००।०० अक्षरेपी रु. तिन हजार मात्र (पछि फिर्ता नहुने गरी) **पंचेश्वर गाउँपालिकाको नाममा नबिल बैंक लिमिटेड शाखा कुलाउ बैतडीमा रहेको कार्यालयको आन्तरीक राजस्व खाता ग-१.१ आन्तरीक राजस्व खाता - ०७६०१०१७५००१६४ सुत्र अनलाईन भौचरको (राजस्व शीर्षक १४२२९) मा सक्कल प्रतिको साथमा** मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले पन्धौ दिनको कार्यालय समय भित्र पंचेश्वर गाउंपालिकाको कार्यालय आम्मौरा बैतडी र जलवायु परिवर्तन स्थानिय अनुकूलन परियोजना, परियोजना सहयोग इकाई , बिरेन्द्रनगर सुर्खेतवाट खरिद गर्न सकिने छ । विभिन्न आवश्यक निर्माण सामग्री, पाइपहरु, फिटीङ्गस् तथा औजारहरु सप्लाई सम्बन्धी दरभाउपत्र फारम पंचेश्वर गाउँपालिका कार्यालयको वेभसाइट www.pancheshwormun.gov.np र जलवायु परिवर्तन स्थानिय अनूकुलन परियोजना परियोजनाको वेभसाइट www.laccp.org.np बाट पनी खरिद गर्न सकिने छ । तर सप्लायरले कोटेशन दर्ता गर्दा **पंचेश्वर गाउँपालिकाको नाममा रहेको नबिल बैंक लिमिटेड शाखा कुलाउ बैतडीमा रहेको कार्यालयको आन्तरीक राजस्व खाता ग-१.१ आन्तरीक राजस्व खाता - ०७६०१०१७५००१६४ सुत्र अनलाईन भौचरको ( राजस्व शीर्षक १४२२९** ) मा सक्कल प्रतिका बाहीर देखीने गरी राख्न पर्ने छ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु १६ औ (सौह्रौ) दिनको दिउसो १२:०० बजे भित्र फाराम खरिद गरिएको कार्यालय वा सम्वन्धित पालिकाको कार्यालय दर्ता गराउनु पर्नेछ । सायै दरभाउ पत्र खरिद गरेको सक्कलै नगदी रसिद सहित दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ ।

३. सिलवन्दी दरभाउ पत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई, हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६ औ (सौह्रौ) दिनको दिउसो १२.०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिहरुको तपशिलमा उल्लेखित रोडहेडमा मा रहेको उपभोक्ता समितिहरुको गोदाममा ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछन । तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन ।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरि २०८२ साल जेष्ठ ३० गते दिउंसो १२.०० वजे पंचेश्वर गाउँपालिकाको कार्यालय, आम्चौरामा, उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरु, गाँउपालीका कार्यालयका प्रतिनिधिहरु र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

७. दरभाउपत्रमा उल्लेखित आइटमहरुको दररेट लेख्दा सबै आइटमहरुको दर अनिवार्यरुपमा अक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ । दरभाउपत्रमा उल्लेखित आइटमहरुको दररेटका आधारमा सप्लायर्स छनौट हुने भएकोले अन्य शर्त मान्य हुनछैन ।

८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।

१०. अन्य शर्तहरु परियोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ । थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ ।

११. यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना पंचेश्वर गाउँपालिका कार्यालय र सम्बन्धीत वडाको सूचना पाटीमा टाँस गरिनेछ ।

१२. अन्य थप जानकारी चाहिएमा पंचेश्वर गाउँपालिकाको /वास इकाइ (९८४८७९८७४६ र ९८६७८६७५८०) मा सर्म्पक गर्न सकिनेछ ।

तपसील

| दरभाउ पत्र (क) | खरिद समिति | | |
|---|---|---|---|
| क.स | योजनाको नाम | ठेगाना | ढुवानी गर्नुपर्ने स्थान |
| १ | रोलखोला तिचौरा सोलार लिफ्ट खानेपानी तथा सरसफाई योजना | पंचेश्वर ३ , बैतडी | तिचौरा ,बैतडी |
| २ | पातललेक पालडीधुरा सोलार लिफ्ट खानेपानी तथा सरसफाई योजना | पंचेश्वर १ , बैतडी | पालडी ,बैतडी |
| ३ | भनेगडा सिंचाइ योजना | पंचेश्वर ४ , बैतडी | सैलोडा,बैतडी |

संयुक्त खरिद समिति पंचेश्वर, बैतडी

CamScanner